# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

समाचार

मंसिर ३, २०७७ ग्रामीण विकास लघुवित समाचार नोभेम्बर १८, २०२०


## ग्रामीण विकास लघुवित्त र ज्योति लाइफ इन्स्योरेन्स बीच सम्झौता

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले विपन्न वर्गका सदस्यहरूलाई प्रवाह गरेको लघुकर्जाको सुरक्षण र जोखिम न्यूनिकरणका लागि ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि., काठमाडौंसँग सम्झौता गरेको छ । ज्योति सामूहिक म्यादी जीवन बीमा योजना कार्यान्वयनका लागि ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को तर्फबाट का. मु. प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवाल तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश विक्रम खत्रीले २०७७ कार्तिक २८ गते शुक्रवारका दिन सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो । यस योजनाको कार्यान्वयनबाट संस्थाबाट प्रवाह भएको लघुकर्जाको सुरक्षण र जोखिम न्यूनिकरण गर्न मद्दत पुग्ने विश्वास गरिएको छ ।




हाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. ले २०७७ असोज मसान्तसम्म १८९ शाखा कार्यालय मार्फत ५७ जिल्लाका ३६५ स्थानिय निकायहरूमा कार्यक्रम विस्तार गरी २ लाख १९ हजार सदस्यहरूलाई लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ ।